कर्मचारीहरूको अध्यागमन स्थिति वा उनीहरूको रोजगारदाता जुन स्थानमा रहेको भए पनि यी अध्यादेशहरूले सियाटल सहरको सीमाभित्र काम गर्ने सबै कर्मचारीहरूलाई समेट्छ । कर्मचारीहरूले अनिवार्य रूपमा यी कानुनहरूको पालना गर्नुपर्छ । प्रतिशोध राख्नु गैरकानुनी हो ।

# 2024 सियाटल श्रम मापदण्ड अध्यादेश

Office of Labor Standards (श्रम मापदण्ड कार्यालय) को मिसन जातीय तथा सामाजिक न्यायप्रति प्रतिबद्धता जनाउँदै विचारशील सामुदायिक तथा व्यावसायिक संलग्नता, रणनीतिक कार्यान्वन तथा नवीनतम नीति विकास मार्फत श्रम मापदण्डलाई उन्नत बनाउनु हो ।

यो पोस्टर अङ्ग्रेजी भाषा तथा कर्मचारीले बोल्ने अन्य भाषा(हरू)मा अनुवाद गरी कार्यस्थलमा सबैले देख्ने ठाउँमा टाँस्नुपर्छ ।

Office of Labor Standards ले अपाङ्गता भएका व्यक्तिहरूका लागि अनुवाद, दोभाषे र उचित सुविधाहरू उपलब्ध गराउँछ।

## न्यूनतम पारिश्रमिक

**कर्मचारीहरूका लागि न्यूनतम पारिश्रमिक तय गर्दछ**

### ठूला रोजगारदाताहरू

(501 वा सोभन्दा बढी कर्मचारीहरू)

**$19.97**
प्रति घण्टा

### साना रोजगारदाताहरू

(500 वा सोभन्दा कम कर्मचारीहरू)

के रोजगारदाताले हरेक कर्मचारीको चिकित्सा लाभहरूतर्फ कम्तीमा $2.72 प्रति घण्टा तिर्छ र/वा कर्मचारीले टिप्समा कम्तीमा $2.72 प्रति घण्टा कमाउँछन् ?

| होइन | हो |
|---|---|
| **$19.97** प्रति घण्टा | **$17.25** प्रति घण्टा |

**रोजगारदाताको आकार**
रोजगारदाताका विश्वभरका सबै कर्मचारीहरूको कुल सङ्ख्या गणना गर्नुहोस् । फ्रान्चाइजहरूको हकमा, फ्रान्चाइज नेटवर्कमा कार्यरत सबै कर्मचारीहरूको गणना गर्नुहोस् ।

**चिकित्सा लाभहरू - साना रोजगारदाताहरू**
न्यून प्रति घण्टा दर तिर्नका लागि, साना रोजगारदाताले संघीय Affordable Care Act ले परिभाषित गरे बमोजिम सिल्भर-लेभल वा उच्च चिकित्सा लाभ कार्यक्रमका लागि भुक्तानी उपलब्ध गराउनुपर्छ ।

» यदि कर्मचारीले अस्वीकार गरेमा वा कर्मचारी चिकित्सा लाभहरूका लागि योग्य छैन भने साना रोजगारदाताले न्यून दर तिर्न सक्दैनन् ।

## तलबी बिरामी र सुरक्षित समय

**चिकित्सा वा सुरक्षात्मक समस्याहरूका लागि तलबी बिदा आवश्यक हुन्छ**

**रोजगारदाताहरूले आफ्नो वा परिवारका सदस्यको स्याहार गर्न कर्मचारीहरूलाई तलबी बिदा दिनुपर्दछ ।**
(बच्चा, आमाबुवा, पति/पत्नी, पञ्जीकृत घरेलु साझेदार, हजुरबा/हजुरआमा, नातिनातिना, दाजुभाइ/दिदीबहिनी)

**बिरामी समय:** मेडिकल अपोइन्टमेन्ट लगायत शारीरिक वा मानसिक स्वास्थ्य अवस्था

**सुरक्षित समय:** घरेलु हिंसा, यौन दुर्व्यवहार, पिछा गर्ने वा जनस्वास्थ्य समस्याहरूसँग सम्बन्धित कारणहरू*

### तलबी बिरामी र सुरक्षित समय (PSST) दर

| | टियर 1 | टियर 2 | टियर 3 |
|---|---|---|---|
| **रोजगारदाताको आकार** पूर्ण-कालीन समान कर्मचारी (FTEs) विश्वव्यापी | 49 सम्म FTEs | 50 – 249 FTEs | 250+ FTEs |
| **PSST को उपार्जन** काम गरेको प्रति घण्टा | 1 घण्टा प्रति 40 घण्टा | 1 घण्टा प्रति 40 घण्टा | 1 घण्टा प्रति 30 घण्टा |
| **प्रयोग नगरिएको PSST सार्ने** प्रति वर्ष | 40 घण्टा | 56 घण्टा | 72 घण्टा** |

*सुरक्षित समय परिवारका सदस्यको हेरचाह गर्न पनि प्रयोग गर्न सकिन्छ
**तलबी छुट्टी (PTO) नीति सहित टियर 3 रोजगारदाताहरूका लागि 108 घण्टा

## निष्पक्ष अवसरको रोजगारी

**दोष-सिद्धि र गिरफ्तारी रेकर्डको प्रयोग सीमित गर्दछ**

**निषेधित:**

- दोषसिद्धि वा गिरफ्तार रेकर्डहरू भएका आवेदकहरूलाई समावेश नगर्ने रोजगारी विज्ञापनहरू
- रोजगारदाताले न्यूनतम योग्यताका लागि आवेदकको स्क्रिनिङ गरिरकेको अवस्थामा बाहेक दोषसिद्धि वा गिरफ्तारका रेकर्डहरूको बारेमा प्रश्नहरू समेटिएका रोजगारी आवेदनहरू
- केवल गिरफ्तारी रेकर्डमा आधारित रोजगार अस्वीकार (वा रोजगार सम्बन्धी अन्य प्रतिकूल कार्यहरू)

**केही अपवादहरू लागू हुन्छन्, जसमा 16 वर्ष मुनिका बालबालिकाहरू, विकासात्मक असक्षमता भएका व्यक्तिहरू वा कमजोर वयस्कहरूका लागि असुपरीवेक्षित पहुँच भएका कामहरू पर्दछन् ।**

**रोजगारदाताहरूले निम्न कार्यहरू गर्नुपर्दछ:**
आवेदकहरूको न्यूनतम योग्यताका लागि स्क्रिनिङ गरिनसकेसम्म आपराधिक पृष्ठभूमि जाँच नगर्ने

कुनै आपराधिक पृष्ठभूमि जाँचका आधार प्रतिकूल कारबाही गर्नुअघि कार्यविधिहरू पालना गर्ने:

» आपराधिक पृष्ठभूमि जाँच विवरण व्याख्या गर्न वा सच्याउन अवसर प्रदान गर्ने
» कम्तीमा दुई व्यावसायिक दिनसम्म पद खुला राख्ने
» व्यक्तिलाई रोजगारी दिनाले व्यवसायमा हानि पुर्‍याउने वा काम गर्ने कर्मचारीको क्षमतामा असर पुर्‍याउने वैध व्यावसायिक कारण हुनुपर्ने

## पारिश्रमिक चोरी

**पारिश्रमिक चोरी विरुद्ध सुरक्षा प्रदान गर्दछ**

**रोजगारदाताहरूले नियमित तलब भुक्तानी दिनमा तिर्नुपर्ने सबै क्षतिपूर्तिहरू भुक्तानी गर्नुपर्छ र कर्मचारीहरूलाई उनीहरूको काम र तलबको बारेमा लिखित जानकारी दिनुपर्छ ।**

**लिखित जानकारीमा निम्न कुराहरू समावेश गरिनुपर्छ:**

- रोजगारदाताको नाम र सम्पर्क विवरण
- कर्मचारीको तलब दर, ओभरटाइम आर्जन गर्ने योग्यता, तलबको आधार (घण्टा, सिफ्ट, दिन, हप्ता, कमिसन) र नियमित तलब भुक्तानी दिन
- रोजगारदाताको टिपसम्बन्धी नीतिको व्याख्या
- तलब प्राप्त गर्ने दिनमा तलब भुक्तानी जानकारीको वस्तुगत विवरण

**भुक्तानी मापदण्डका उदाहरणहरू:**

- न्यूनतम पारिश्रमिक भुक्तानी गर्ने
- ओभरटाइम भुक्तानी गर्ने
- विश्राम समयका लागि भुक्तानी गर्ने
- प्रतिज्ञा गरिएको रकम भुक्तानी गर्ने
- नियमित समय बाहिर गरिएको कामका लागि भुक्तानी गर्ने
- टिप्स भुक्तानी गर्ने
- सेवा शुल्कहरू भुक्तानी गर्ने (ग्राहकको सेवा गर्ने कर्मचारी(हरू)लाई भुक्तान योग्यको रूपमा रसिद वा मेनुमा सूचिबद्ध नभएसम्म)
- रोजगारदाताका खर्चहरू प्रतिपूर्ति गर्ने
- कर्मचारीहरूको गलत वर्गीकरण नगर्ने

## यात्रु (रोजगारीका लागि दैनिक यात्रा गर्ने) लाभहरू

20 वा सोभन्दा बढी कर्मचारीहरू भएका रोजगारदाताहरूले हप्तामा औसत दश घण्टा वा सोभन्दा बढी काम गर्ने कर्मचारीहरूलाई संघीय कर कानूनले अनुमति दिएको अधिकतम हदसम्म कर्मचारीको करयोग्य पारिश्रमिकबाट ट्रान्जिट वा भ्यानपुल खर्च कटौती गर्ने क्षमता प्रदान गर्नुपर्छ । यो मापदण्ड पूरा गर्न, रोजगारदाताहरूले यसको सट्टा पूर्ण वा आंशिक रूपमा अनुदानप्राप्त ट्रान्जिट पास प्रदान गर्न सक्छन् । रोजगारदाताहरूले कर्मचारीले रोजगार सुरु गरेको मितिले 60 पात्रो दिनभित्र यो लाभ प्रदान गर्नुपर्छ ।

## OLS लाई सम्पर्क गर्नुहोस्

**कर्मचारीहरू**
OLS मा गुनासो दायर गर्ने वा अदालतमा मुद्दा दायर गर्ने

**रोजगारदाताहरू**
अनुपालन सहायता प्राप्त गर्ने र/वा प्रशिक्षण प्राप्त गर्ने

**206-256-5297**
www.seattle.gov/laborstandards

810 THIRD AVE, SUITE 375
SEATTLE, WA 98104
LABORSTANDARDS@SEATTLE.GOV

ALLIED PRINTING TRADES UNION LABEL COUNCIL WASHINGTON · OREGON 2